भगवतीमाई गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
पगनाथ, दैलेख
कर्णाली प्रदेश, नेपाल

**प्रस्तावहरु**

**प्रस्ताव नं. १** : ने.रा.पिपल आ.वि. भवन रेक्ट्रो फिटिङ्ग सम्वन्धमा ।

**प्रस्ताव नं. २** : मेहेलतोली स्वास्थ्य चौकी स्थानान्तरण सम्वन्धमा ।

**प्रस्ताव नं. ३** : आ.व. २०७६।०७७ मा कृषि तथा पशु विकास कार्यक्रम सम्वन्धमा ।

**प्रस्ताव नं. ४** : गाउँपालिकाको केन्द्र परिवर्तन सम्वन्धमा ।

**निर्णय नं. १ :**

नेपाल राष्ट्रिय पिपल आधारभूत विद्यालयको भवनको रेक्ट्रो फिटिङ्गको लागि नेपाल सरकार, शिक्षा विभागबाट रु. १५००००० प्राप्त भएकोमा उक्त विद्यालयको भवन रेक्ट्रो फिटिङ्ग गर्नुभन्दा नयाँ पक्की भवन निर्माण गर्न आवश्यक देखिएको हुँदा उक्त विद्यालयमा ३ कोठे भवन निर्माण गर्ने निर्णय गरियो ।

**निर्णय नं. २ :**

यस भगवतीमाई गाउँपालिका वडा नं. ३ विदाने, मेहेलतोलीमा रहेको मेहेलतोली स्वास्थ्य चौकीलाई वडा नं. ३ सान्तडामा १५ शैयाको अस्पताल निर्माण गर्नको लागि स्थानान्तरण गर्ने वडा नं. ३ को वडा समितिको निर्णय वमोजिम उक्त मेहलतोली स्वास्थ्य चौकीलाई भगवतीमाई गाउँपालिका वडा नं. ३ सान्तडामा स्थानान्तरण गरी १५ शैयाको अस्पताल संचालन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३ :**

यस गाउँपालिकाको आ.व. २०७६।०७७ को लागि कृषि तथा पशु विकास कार्यक्रमतर्फ विनियोजित रकमलाई देहाय वमोजिम कार्यक्रमहरुको लागि बाँडफाँड गरी स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं. ४ :**

यस भगवतीमाई गाउँपालिकाको मिति २०७६।०३।१८ गते सम्पन्न पाँचौ गाउँसभाको बैठकको निर्णय नं. ४४ अनुसार यस गाउँपालिकाको प्रशासनिक केन्द्र साविक पगनाथ गाउँ विकास समितिको कार्यालय, पगनाथ भन्ने स्थानबाट परिवर्तन गरी भगवतीमाई गाउँपालिका वडा नं. २, वेस्तडा भन्ने स्थानमा कायम गर्ने प्रस्ताव गाउँसभाको हाल कायम रहेको ३८ (एक जना सदस्य जिल्ला समन्वय समितिमा चयन हुनु भएको) जना सदस्य मध्ये ३३ जनाको उपस्थितिमा सर्वसम्मत रुपमा पारित भएको र उपस्थित सदस्य संख्या कायम रहेको सदस्य संख्याको दुईतिहाई सदस्यभन्दा बढी रहेको हुँदा उक्त गाउँपालिकाको केन्द्र परिवर्तन सम्वन्धि प्रस्ताव प्रदेश सरकार मार्फत नेपाल सरकारमा पठाउने निर्णय गरियो ।